सबै न्यूयोर्कबासीहरूका लागि अनेकौं श्रोतसाधनहरू उपलब्ध छन् । तपाईंको आप्रवासनको स्थिति र तपाईंको आयले केही फरक पार्दैन ।

आप्रवासी न्यूयोर्कबासीहरूका लागि
स्वास्थ्य, आवास, खाद्यान्न तथा अन्य
श्रोतसाधनहरूको बारेमा यहाँ थप जान्नुहोस्:
nyc.gov/immigrants/coronavirus



NYC
Mayor's Office of
Immigrant Affairs

प्रत्येक न्यूयोर्कबासीलाई नि:शुल्क, सुरक्षित **आप्रवासनसम्बन्धी कानुनी मद्दत** उपलब्ध हुन्छ । तपाईंको आप्रवासनको स्थितिले केही फरक पार्दैन ।

अदालत तथा कार्यालय बन्द हुने समयहरू लगायत आप्रवासनको स्थितिका बारेमा तपाईंका कुनै पनि प्रश्न वा चिन्ताका कुराहरूका लागि **ActionNYC को हटलाइनलाई** यहाँ फोन गर्नुहोस्: **800-354-0365** • सोमबारदेखि शुक्रबारसम्म • बिहान 9 बजे-बेलुका 6 बजे

Mayor's Office of Immigrant Affairs

COVID-19 का लागि स्वास्थ्य स्याहार, परीक्षण वा उपचार प्राप्त गर्दा त्यसले तपाईंको आप्रवासनको स्थितिलाई असर गर्ने छैन । अधिकांश सार्वजनिक सुविधा तथा सेवाहरूले तपाईंलाई "**सार्वजनिक जिम्मेवारी (पब्लिक चार्ज)**" बनाउने छैनन् ।

यदि सार्वजनिक सुविधाहरू प्रयोग गर्दा यसले तपाईंको आप्रवासनको स्थितिलाई कसरी प्रभावित गर्न सक्नेछ भन्ने बारेमा तपाईंका प्रश्नहरू छन् भने आप्रवासनसम्बन्धी कानुनी मद्दतका निम्ति कनेक्सनहरूका लागि **ActionNYC को हटलाइनलाई 800-354-0365** मा फोन गर्नुहोस् ।



NYC
Mayor's Office of Immigrant Affairs

NYC Health + Hospitals ले सबै न्यूयोर्कबासीहरूलाई स्वास्थ्य स्याहार उपलब्ध गराउँछ । तपाईंको आप्रवासनको स्थिति र तपाईंको बीमाको स्थितिले केही फरक पार्दैन । **यदि तपाईंलाई मद्दत आवश्यक पर्छ भने मद्दत प्राप्त गर्नुहोस् ।** मद्दतमा आकस्मिक स्वास्थ्य स्याहार, चिकित्सकका जाँचहरू, औषधिहरू, दीर्घकालीन स्वास्थ्य स्याहार र अस्पतालमा भर्नाहरू पर्दछन् ।

nychealthandhospitals.org मा थप जान्नुहोस् वा **844-692-4692** मा फोन गर्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

स्क्यामरहरूले COVID-19 को सम्बन्धमा मानिसहरूलाई झुक्काउन वा उनीहरूलाई ठग्नका लागि विभिन्न तरिकाहरू अपनाउने गर्छन् । यी स्क्यामहरूमा फोन कल, टेक्स्ट म्यासेज वा कहिलेकाहीं आफैं आएर गरिने भेटघाटहरू पनि हुन सक्नेछन् !

सुरक्षित रहन र स्क्यामहरूबाट बच्नका लागि सूचित भइरहनुहोस् र **on.nyc.gov/covidscamsnyc** मा सिटीका सुझावहरू पढ्नुहोस् वा **212-436-0381** मा फोन गर्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

सबै न्यूयोर्कबासीहरूले नि:शुल्क COVID-19 परीक्षण प्राप्त गर्नुपर्छ । तपाईंको आप्रवासनको स्थितिले केही फरक पार्दैन ।

आफ्नो नजिकको परीक्षण स्थल पत्ता लगाउन **nyc.gov/covidtest** मा जानुहोस् वा **311 मा फोन गर्नुहोस्** र **"COVID-19 test"** भन्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

नि:शुल्क योजनाहरू लगायत **स्वास्थ्य बीमा योजनाहरू** धेरै न्यूयोर्कबासीहरूलाई उपलब्ध छन् ।

तपाईंले अनलाइनमा **nyc.gov/healthinsurance** मा नाम टिपाउन सक्नुहुन्छ वा कुनै योजनामा नाम दर्ता गराउनका लागि अपोइन्टमेन्टको समय मिलाउन **311 मा फोन गर्नुहोस्** र "**health insurance**" भन्नुहोस् ।

Mayor's Office of Immigrant Affairs

सबै न्यूयोर्कबासीहरूले COVID-19 सङ्कटको समयमा **नि:शुल्क भोजनहरू** प्राप्त गर्न सक्छन् । तपाईंको आप्रवासनको स्थितिले केही फरक पार्दैन ।

थप **nyc.gov/getfood** मा जान्नुहोस् वा **311 मा फोन गर्नुहोस्** र "**Get Food**" भन्नुहोस् ।

Mayor's Office of Immigrant Affairs

न्यूयोर्क सिटीका सबै आवासीय भाडावालहरूलाई **आवास (हाउजिङ) सम्बन्धी सहयोगका** लागि आवेदन दिनमा मद्दत र नि:शुल्क कानुनी सुझाव उपलब्ध छन् । तपाईंको आप्रवासनको स्थिति र तपाईंको आयले केही फरक पार्दैन ।

यदि तपाईंलाई आवास, घरबाट हटाउने वा आफ्नो घरधनीसँगका विवादहरूमा मद्दत आवश्यक पर्छ भने **nyc.gov/tenantprotection** मा जानुहोस् वा **311** मा फोन गर्नुहोस् र **"tenant helpline"** भन्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

न्यूयोर्क सिटीका सबै आवासीय भाडावालहरूलाई **आवास (हाउजिङ) सम्बन्धी सहयोगका** लागि आवेदन दिनमा मद्दत र नि:शुल्क कानुनी सुझाव उपलब्ध छन् । तपाईंको आप्रवासनको स्थिति र तपाईंको आयले केही फरक पार्दैन ।

यदि तपाईंलाई आवास, घरबाट हटाउने वा आफ्नो घरधनीसँगका विवादहरूमा मद्दत आवश्यक पर्छ भने **nyc.gov/tenantprotection** मा जानुहोस् वा **311** मा **फोन गर्नुहोस्** र **"tenant helpline"** भन्नुहोस् ।

सुपथ मूल्यका आवास खोज्न र त्यसका लागि आवेदन दिन **nyc.gov/housingconnect** मा जानुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

तपाईंसँग **कर्मचारीको रूपमा अधिकारहरू** हुन्छन् । तपाईंको आप्रवासनको स्थितिले केही फरक पार्दैन । न्यूयोर्क सिटीको कानुन अन्तर्गत तपाईंसँग तलबी बिरामी बिदाको अधिकार हुन्छ ।

कामको अनुमति भएका आप्रवासी न्यूयोर्कबासीहरू बेरोजगारी बीमा सुविधाहरूका लागि योग्य हुन सक्नेछन् ।

श्रोतसाधनहरूका लागि **nyc.gov/workers** मा जानुहोस् वा **212-436-0381** मा फोन गर्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

COVID-19 को आर्थिक प्रभावलाई सम्बोधन गर्न साना व्यवसायहरूका लागि **वित्तीय सहयोग** उपलब्ध छ ।

स्थानीय, राज्य तथा सङ्घीय श्रोतसाधनहरू, सहयोगका लागि तपाईंको योग्यता र अरूहरूका बारेमा **nyc.gov/business** मा गएर वा **888-727-4692** मा फोन गरेर जान्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs

तपाईंको जाति, तपाईंको लिङ्ग वा तपाईंको परिचयको अन्य हिस्साका आधारमा तपाईंलाई नराम्रो तरिकामा व्यवहार गर्ने अधिकार कसैसँग पनि हुन्न ।

के तपाईं दुर्व्यवहारको पीडित हुनुहुन्छ वा तपाईंले त्यस्तो कुनै पीडितलाई चिन्नुहुन्छ ? 311 मा फोन गर्नुहोस् । यदि तपाईं अपराधको पीडित हुनुहुन्छ वा अपराधको साक्षी हुनुहुन्छ भने 911 मा फोन गर्नुहोस् ।

NYPD अधिकारीहरूसँग तपाईंको आप्रवासनको स्थितिका बारेमा सोधपुछ गर्ने अनुमति हुँदैन ।

nyc.gov/stopcovidhate
मा थप जान्नुहोस् ।

NYC
Mayor's Office of Immigrant Affairs